प्रेस वक्तव्य

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

आइतबार, २०६७ असोज ३

**संयुक्त राष्ट्रसङ्घद्वारा धनुषा जिल्लामा गाडिएको भनी आशङ्का गरिएको ठाउँमा उत्खनन गर्ने राष्ट्रिय मानवअधिकार आयोगको पहलको स्वागत**

काठमाडौँ– संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल) नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएका भनिएका पाँचजना विद्यार्थीलाई गाडिएको भनी आशङ्का गरिएको धनुषाको एक ठाउँमा उत्खननमा नेतृत्व गर्दा राष्ट्रिय मानवअधिकार आयोग (आयोग)ले हासिल गरेको उल्लेखनीय उपलब्धिका लागि बधाई दिन्छ। आयोगका विज्ञहरूको नेतृत्वमा रहेको नेपाल प्रहरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिविज्ञानका ज्ञाताहरूको एक टोलीले उच्चायुक्तको कार्यालयको सहयोगमा गरेको उत्खननमा चार व्यक्तिको मानव अवशेष पायो। उक्त उत्खनन कार्य अस्थायी रूपमा शनिबार बन्द गरिएको छ र बेपत्ता पारिएको भनिएका पाँचौं व्यक्तिको अवशेष खोज्न पछि पुनः सुरु गरिनेछ।

पाइएका यी मानव अवशेषहरू गाडिएका व्यक्तिहरूको पहिचान गर्न र बलपूर्वक बेपत्ता पार्ने कार्यसँग सम्बन्धित यी घटनाहरूलाई स्पष्ट पार्नका लागि डीएनए विश्लेषण गर्न विशेषज्ञहरूका लागि अत्यन्त उपयोगी छन्। नेपालको सर्वोच्च अदालतले सन् २००९ फेब्रुअरीमा नेपाल प्रहरीलाई धनुषामा भएका ती बेपत्ता पार्ने कार्यमा जाहेरी दर्खास्त दर्ता गर्न र अनुसन्धान कारबाही सुरु गर्न आदेश दियो तर यो निर्णय कार्यान्वयनमा अहिलेसम्म कुनै प्रगति हासिल भएको थिएन।

“यो उत्खनन द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनको एउटा महत्वपूर्ण प्रतीकात्मक घटनामा सङ्क्रमणकालीन न्याय तथा जवाफदेहीतातर्फ अगाडि बढ्ने एउटा महत्वपूर्ण अग्रगामी कदम हो। बेपत्ता पारिएकाहरूका परिवारको अनुरोधमा कारबाही गरेर आयोगले साँचो कुरा थाहा पाउने पीडितहरूको अधिकारको सम्मान गर्नुका साथै न्याय पाउने आफ्नो अधिकार प्राप्तितर्फको उनीहरूको आशालाई प्रगाढ बनाएको छ,” उच्चायुक्तको कार्यालय–नेपालका कार्यवाहक प्रमुख ज्योति साङ्घेराले भन्नुभयो। “आयोगको यो प्रशंनीय कार्य तथा नेपाल प्रहरी र सरकारद्वारा प्राप्त सहयोगको म स्वागत गर्छु। द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लङ्घनका सम्बन्धमा नेपालको सर्वोच्च अदालतले गरेका महत्वपूर्ण फैसलाहरूको कार्यान्वयन गर्ने बाटो अब खुलेको छ।”

यस उत्खननमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले गरेको सहयोगमा अनुगमन, प्राविधिक तथा अन्य बन्दोबस्ती सहायता समावेश थियो। उच्चायुक्तको कार्यालय उत्खनन टोलीमा आफ्नो समावेश तथा आफ्नो योगदानलाई आयोगसँगको सहयोगमा एउटा महत्वपूर्ण कदमका रूपमा लिन्छ र भविष्यमा यो अझ प्रगाढ हुने आशा व्यक्त गर्छ।

**Office of the High Commissioner for Human Rights - Nepal**

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937